म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १६४ २०८० वैशाख २५ गते सोमबार 8 May 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**बालबालिकाको हेरचाहमा ध्यान दिऔं ।**

- तीन वर्षको उमेरसम्म बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भईसक्दछ ।
- उनीहरुले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौं कोषिकाहरु चलायमान बनाउन सकिन्छ ।
- बालबालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनतामा असन्तुष्टि पैदा भयोः पूर्वप्रम डा. भट्टराई



समाज संवाददाता

हेटौंडाः तीव्र विकास, समृद्धि, सुशासनको प्रत्याभूति हुन नसक्दा जनतामा असन्तुष्टि पैदा भएको पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले बताउनुभएको छ । आइतबार बागमती प्रदेशमा बजेट निर्माण विषयमा छलफलका लागि आउनुभएका पूर्वप्रधानमन्त्री भट्टराईले देश संकटमा छ भन्ने जनतामा अनुभूति भएको पनि बताउनुभयो । राजनीतिक परिवर्तनपछि संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा उभिएर जनताको अपेक्षा पूरा गर्न नसक्नु नै अहिलेको कारण भएको पनि उहाँको भनाइ थियो ।

वैकल्पिक विचारसहितको अग्रगामी शक्ति निर्माण गरेर जनताको समृद्धि र सुशासनको आकांक्षा पूरा गर्ने आफ्नो लक्ष्य पनि पूरा हुन नसकेको भन्दै पूर्वप्रधानमन्त्री भट्टराईले दुख व्यक्त गर्नुभएको छ । पुराना दलले इतिहासमा महत्वपूर्ण काम गरे पनि जनताको जीवनमा सकारात्मक परिवर्तनमा उल्लेखनीय भूमिका निर्वाह गर्न नसक्दा पछिल्लो चरणमा नयाँ-नयाँ विकल्पहरु आएको उहाँले स्पष्ट पार्नुभयो । जनताका असन्तुष्टी जायज भएको उल्लेख गर्नुहुँदै पूर्वप्रधानमन्त्री डा. भट्टराईले भन्नुभयो, "अग्रगामी लोकतान्त्रिक प्रगतिशील विकल्प दिन नसकेमा खाली ठाउँमा प्रतिगामी गलत उद्देश्य बोकेका शक्तिहरुले भ्रम छर्ने र देश झन ठूलो समस्यामा जान सक्छ । देश गम्भीर अवस्थामा रहेकाले सबैले यसको समाधानका खोज्न लाग्नु पर्छ ।"

देश चरम गरिबीको रेखामुनी रहेको उल्लेख गर्नुहुँदै यसको समाधानका लागि संरचनात्मक र संस्थागत सुधारको काम गर्न आवश्यक रहेको उहाँको दावी गर्नुभयो । पछिल्लो समय कृषि र उद्योग-धन्दा धरासायी हुनाले रोजगारीको खोजीमा युवा पुस्ता विदेश जान बाध्य भएको उहाँको तर्क थियो । नक्कली भुटानी शरणार्थी प्रकरणमा उहाँले भ्रष्टाचार, विसंगति विभिन्न क्षेत्रमा लामो समयदेखि चर्चा भएको विधिसम्मत ढंगले सबैकुराको छानबिन गरेर उचित निश्कर्ष निकाल्नु पर्ने डा. भट्टराईले धारणा राख्नुभयो । नक्कली भुटानी शरणार्थी जस्ता थुप्रै प्रकरणहरु रहेको उहाँले दावी गर्नुभएको छ ।

नेपालको ऐन, कानुन कमजोर भएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अन्य संवैधानिक निकाय कमजोर भएको बताउनुहुँदै यी क्षेत्र सवल हुनुपर्ने उहाँको भनाइ थियो । देशमा गठबन्धन सरकार बन्ने, भत्कने हुनुमा शासकीय स्वरुपमा त्रुटि रहेको जीकिर गर्नुहुँदै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय निर्वाचन प्रणालीमा जान आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो । सत्तामा भएका दलका नेताहरुको विचार, नीति, कार्यक्रम र शैली सुधार नगरेसम्म धेरै मान्छे जम्मा हुँदैमा गतिलो नहुने, राम्रा मान्छे हुनु पर्नेमा उहाँले जोड दिनुभयो ।

## प्रदेशका उत्कृष्ट ५ जना कृषक पुरस्कृत




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको प्रादेशिक राष्ट्रपति उत्कृष्ट कृषक पुस्कारबाट ५ जना पुरस्कृत भएका छन् । आइतबार बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास निर्देशनालयले एक कार्यक्रम आयोजना गर्दै ५ जना कृषकहरुलाई नगद पुरस्कारसहित सम्मान गरेको हो ।

सम्मानित हुने ५ जनामध्ये ३ जना चितवनका कृषक रहेका छन् भने एक-एक जना ललितपुर र काभ्रेका छन् । बीएण्डबी केरा फार्म सञ्चालन गरिरहेका चितवनको रत्ननगर नगरपालिका-१२ का विष्णुहरि पन्त प्रथम, जनजीविका कृषि तथा पशु फार्म सञ्चालन गरिरहेका ललितपुरको बागमती गाउँपालिका-१ का गोविन्द गौतम द्वितीय र सरोज कृषि फार्म सञ्चालन गरिरहेका चितवनको माडी-६ का सरोज साह तेली तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीयलाई क्रमशः ७० हजार रुपैयाँ, ६० हजार रुपैयाँ र ५० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको छ ।

यस्तै, कुसदेवी कृषि फार्म सञ्चालन गरिरहेका काभ्रेको पनौती-२ का रमेश आचार्य र बिश्नुदेवी एग्रिकल्चर फार्म सञ्चालन गरिरहेका चितवनको भरतपुर महानगरपालिका-१७ का विष्णुबहादुर विश्वकर्मा सान्त्वना भएका छन् । सान्त्वना दुई जनालाई ४० हजार रुपैयाँ नगद र सम्मानपत्रसहित सम्मान गरिएको छ ।

निर्देशनालयका निमित्त प्रमुख तेजप्रसाद दुवाडी र बागमती प्रदेश कृषि मन्त्रालयका सचिव शरणकुमार पाण्डेले उत्कृष्ट कृषकहरुलाई पुरस्कार वितरण गर्नुभएको छ । बागमती प्रदेश सरकारको प्रादेशिक राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारका लागि प्रदेशका १२ जिल्लाबाट जिल्लागतरुपमा उत्कृष्ट भएका ३६ जना कृषकहरुको मूल्यांकन र स्थलगत अवलोकन गरी ५ जना कृषकलाई छनौट गरिएको हो ।

कार्यक्रममा बोल्नुहुँदै प्रदेश कृषि मन्त्रालयका सचिव पाण्डेले कृषि क्षेत्रको रुपान्तरण गर्नुपर्ने बताउनुभयो । उहाँले नयाँ ढङ्गबाट व्यावसायिकरुपमै कृषि व्यवसाय सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले कृषकहरुमा भएको समस्या र निराशालाई हटाउनुपर्ने अवस्था रहेको बताउनुभयो ।

निर्देशनालयका निमित्त प्रमुख दुवाडीले सम्मानित कृषकहरुलाई आफ्नो व्यवसायलाई दिगो बनाउतर्फ लाग्न आग्रह गर्नुभएको छ । अहिले योजना तर्जुमाको कार्य सुरु हुन लागेको बताउनुहुँदै उहाँले कृषकहरुको समस्यालाई सम्बोधन गरिने जानकारी दिनुभयो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## एकै दिन ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका विभिन्न जिल्लामा एकै दिन ६ जनाको मृत्यु भएको छ । प्रदेशको नुवाकोट, सिन्धुली, काभ्रे, धादिङ र चितवन जिल्लामा विभिन्न घटनमा परी मानिसको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । मृत्यु भएका मध्ये ४ जना मृत फेला परेको प्रहरीले जनाएको छ ।

नुवाकोटको बिदुर नगरपालिका-१०, गेर्खुटारमा एकजना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा मानसिक सन्तुलन ठिक नभएकी ५० वर्षीया सावित्री प्याकुरेल रहेको प्रहरीले जनाएको छ । प्याकुरेल घरबाट कसैलाई नभनी हिँडेकोमा खोजतलास गर्ने क्रममा घरबाट २०० मिटर पर मकै बारीमा मृत अवस्थामा फेला परेको हो । प्याकुरेलको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुलीमा लगिएको छ । धादिङको बेत्रावति गाउँपालिका-५, टोड्केमा भिरबाट लडेर एक पुरुषको मृत्यु भएको छ । टोड्केका ६७ वार्षीय बीरबहादुर गुरुङ आफ्नै घर देखि दक्षिण जंगलमा घाँस काट्न गएकोमा भिरबाट लडेर २०० मिटर तल खस्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

काभ्रेको चौतारा साँगाचोक गढी नगरपालिका-५, घलेगाँउ घरको छतबाट लडी घाइते भएका एक पुरुषको उपचार को क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा ४० वर्षीय गणेश बहादुर घले रहेको प्रहरीले जनाएको छ । घले कोहि नभएको समयमा आफ्नै दुई तला पक्की घरको छतबाट अचानक लडी घाईते भएका थिए । घाइते भएका घलेको उपचारका लागि जिल्ला अस्पताल चौतारामा लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको हो ।

सिन्धुलीको कमलामाई नगरपालिका-१, काभ्रेबारीमा एक पुरुषको सुतेकै अवस्थामा मृत फेला परेका छन् । मृत फेला पर्नेमा सुनकोशी मरिण डाइभर्सनमा हेल्पर काम गर्ने सिन्धुली सुनकोशी गाउँपालिका-६, बस्ने ४६ वर्षीय बम बहादुर कामी रहेको प्रहरीले जानकारी दिएको छ । यस्तै, चितवनको भरतपुर महानगरपालिका भरतपुर-२५, अमृतचोकमा एक पुरुष मृत फेला परेको छ । मृत फेला पर्नेमा ३४ वर्षीय तुलाराम महत्तो रहेको प्रहरीले जनाएको छ । महत्तो घर नजिकै बाटो छेउमा मृत फेला परेको हो । भरतपुर महानगरपालिका-२२, राप्तीखोलामा एक पुरुष मृत फेला परेको छ । राप्ती नदिको बिचमा भरतपुर महानगरपालिका-२, क्षेत्रपुर बस्ने २९ वर्षीय निगम महतो मृत फेला परेको प्रहरीले जनाएको छ ।

### महिला मन्त्रालयको २८ वर्षमा ६८ मन्त्री

## मन्त्रीमध्ये २४ महिला, ४४ पुरुष

मनिषा थापा

काठमाडौंः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार दशौंपटक मन्त्रिपरिषद बिस्तार गर्दा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको नेतृत्व फेरिएको छ । नेपाल समाजवादी पार्टी (नेसपा) का नेता महिन्द्रराय यादवलाई खानेपानी तथा सरसफाइ मन्त्रालय सारेर यो मन्त्रालयमा नेपाली कांग्रेसका नेता सुरेन्द्रराज आचार्य नियुक्त भए ।

मन्त्री यादवले गत १७ माघमा यो मन्त्रालय सम्हालेका थिए । तर ९६ दिनपछि यादवलाई खानेपानी तथा सर सफाइ मन्त्रालय लगेर आचार्यलाई यो मन्त्रालयको जिम्मेवारी दिइएको छ । आचार्य, अहिलेको सरकारमा यो मन्त्रालयको नेतृत्व गर्ने तेस्रो व्यक्ति हुन् । ११ पुसमा प्रधानमन्त्रीको शपथ लिएपछि ३७ दिनसम्म प्रचण्ड आफैंले यो मन्त्रालयको नेतृत्व सम्हालेका थिए । सातौंपटक मन्त्रिपरिषद विस्तार गर्दा यो मन्त्रालयको नेतृत्वमा आएका यादवलाई अर्कै मन्त्रालय लगिएकाले आचार्य सरकार बनेको पाँच महिनामै यो मन्त्रालय सम्हाल्ने तेस्रो व्यक्ति बने ।

'यति छोटो अवधिमा तीन पटक नेतृत्व फेरिनुले मन्त्रालयलाई कमजोर बनाउँछ । अझ पुरुषदेखि पुरुष मन्त्री बन्नु राम्रो होइन', राष्ट्रियसभा सदस्य कमला पन्त भन्छिन् । महिला, बालबालिका र जेष्ठ नागरिक जस्ता कमजोर वर्गका लागि काम गर्ने मन्त्रालयले विगतदेखि नै प्राथमिकता नपाउने गरेको उनी बताउँछिन् । 'कमजोर वर्गका लागि काम गर्ने यो मन्त्रालयले कहिल्यै प्राथमिकता पाएन' कांग्रेस नेता पन्त भन्छिन्, 'बजेट कम विनियोजन हुने भएपछि देखाउने र भाग पुर्‍याउने मन्त्रालय जस्तो मात्रै बन्यो ।'

### २८ वर्ष, ६८ मन्त्री

शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा २०५२ सालमा यो मन्त्रालय बनेको थियो । 'राज्यका निकायहरुमा महिलाको उपस्थिति बलियो बनाउन वकालत गर्ने उद्देश्यले यो मन्त्रालय बनेको थियो' कांग्रेस नेता पन्त भन्छिन्, 'तर उद्देश्य अनुसार काम हुन सकेन ।' पूर्वमन्त्री जयपुरी घर्ती मगर, यो मन्त्रालय बलियो बन्न नसक्नुमा नेतृत्वको सोचमा दोष देख्छिन् । 'नेतृत्वमा यो मन्त्रालय महिलाका लागि भन्ने छ', उनी भन्छिन्, 'स्रोत, साधन र शक्ति पनि नहुने भएपछि मन्त्रालय बलियो बन्न सकेन ।'

तर मन्त्रालय बनेको २८ वर्ष हेर्ने हो भने मन्त्री (मन्त्री ४९, राज्य १४ र ५ जना सहायक गरी) संख्या चाहिँ ६८ पुगेको छ । त्यो भनेको औसतमा पाँच महिना बराबर एक मन्त्री हो । 'यो मन्त्रालयमा पनि पुरुष नै जानुपर्ने, तर उनीहरुको रोजाइ अर्कै मन्त्रालय हुने भएपछि धेरै मन्त्री भए', यही मन्त्रालयका पूर्व राज्यमन्त्री पन्त भन्छिन् । तथ्यले पनि पन्तको भनाइलाई सहयोग पुग्छ । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयकै तथ्याङ्क अनुसार, ६८ मन्त्री हुँदा १५ पटक प्रधानमन्त्री आफैंले यो मन्त्रालयको नेतृत्व गरेका छन् । देउवाले चार पटक, गिरिजाप्रसाद कोइराला तीन, प्रचण्ड तीन, सूर्यबहादुर थापा दुई पटक अनि कृष्णप्रसाद भट्टराई, माधवकुमार नेपाल र बाबुराम भट्टराईले एक/एक पटक यो मन्त्रालयको नेतृत्व गरेका छन् ।

प्रधानमन्त्री आफैंले नेतृत्व गर्नु भनेको मन्त्रिपरिषद् विस्तार गर्दा विभागीय मन्त्री पठाउन ढिलाइ गर्नु हो । किनकी विभागीय मन्त्री नपाएसम्मको अवधिलाई मन्त्रालयले प्रधानमन्त्रीलाई नै नेतृत्व मान्छ । अझ रोचक त, यो मन्त्रालयमा अहिलेसम्म भएका ४९ मन्त्रीमध्ये १२ जना मात्रै महिला छन् । लीला कोइराला, सहाना प्रधान, अष्टलक्ष्मी शाक्य, दुर्गा श्रेष्ठ, जयपुरी घर्ती मगर, ऋद्धिबाबा प्रधान, नीलम केसी, आशा कोइराला, थममाया थापा मगर, जुलीकुमारी महतो, चन्दा चौधरी र उमा रेग्मी बाहेक बाँकी मन्त्री पुरुष हुन् ।

राज्य मन्त्री हुनेहरुमा भने लगभग महिला नेताको बर्चश्व छ । अहिलेसम्म १४ जना राज्यमन्त्री हुँदा ११ जना महिला भइन् । यो मन्त्रालयको राज्यमन्त्री बन्ने पुरुषहरु रामबच्चन अहिर, अरविन्द साह र मोहम्मद जाकिर हुसेन हुन् । अहिले अस्तित्वमा नरहेको पाँच जना सहायक मन्त्री प्रणाली रहँदा मन्त्री हुने कमला पन्त एक्लो महिला नेता हुन् । दुर्योधन चौधरी, नरेशबहादुर सिंह, केशवबहादुर चन्द र गोल्चे सार्की यो मन्त्रालयको सहायक मन्त्री बने ।

मन्त्री, राज्य र सहायक गरी यो मन्त्रालयमा २४ पटक महिला नेताले नेतृत्व गरेको देखिन्छ । यो भनेको कुल मन्त्री संख्याको ३५ प्रतिशत हो । 'महिला मन्त्रालयमा महिला नै जानुपर्छ भन्ने होइन, तर महिलाकै क्षेत्रमा काम गर्नुपर्ने भएकाले महिला हुनु राम्रो हो' पूर्वमन्त्री घर्ती मगर भन्छिन् । मन्त्री छान्दा प्राथमिकतामा पुरुष राख्ने नेतृत्वको प्रवृत्तिले पनि महिला मन्त्रालयमा धेरै मन्त्री बनेको उनको बुझाइ छ । 'यो मन्त्रालय नेताहरुको प्राथमिकतामा छैन, तर अरु नपाउँदा यही मन्त्रालयमा पनि जान्छन् । बीचैमा छोड्दा मन्त्री संख्या बढ्छ', घर्ती मगर भन्छिन् ।

अहिलेकै मन्त्रिपरिषदमा पनि महिला मन्त्री संख्या न्यून छ । आइतबारसम्मको २३ सदस्यीय मन्त्रिपरिषदमा रेखा शर्मा सञ्चार, रञ्जिता श्रेष्ठ भूमि र सीता गुरुङ शहरी विकास मन्त्री छन् । सुशीला श्रीपाइली ठकुरी पर्यटन राज्य र नन्दा चापाई भौतिक पूर्वाधार राज्यमन्त्री छिन् । मन्त्रालयकै नेतृत्व पाएका तीन

...बाँकी पृष्ठ ३ मा

**आकर्षक जग्गा भाडामा**

हेटौंडा-२, बालजागृति बोर्डिङ स्कुलको लाईनमा ३ कठ्ठा खाली जग्गा भाडामा उपलब्ध छ । विशेषगरी ठूला कम्पनीहरुका लागि अति उपयुक्त छ । आवश्यक कम्पनिले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

**इच्छुकले तु. सम्पर्क गर्नुहोला ।**

सम्पर्कः ९८४१२७४८८३, ९८६१९४४५५८

## सम्पादकीय

# छलफलमा सिमित सडक विस्तार

हेटौंडा बजार क्षेत्र भएर थुप्रै राष्ट्रिय राजमार्ग गएको छ । एसिएन हाइवेअन्तर्गत्को पूर्व-पश्चिम (महेन्द्र) लोकमार्ग र त्रिभुवन लोकपथ हेटौंडा बजारको बीचबाट गएको छ । पूर्व-पश्चिम मदन भण्डारी लोकमार्ग (धरान-चतरा-हेटौंडा) सडक पनि हेटौंडाबाट महेन्द्र लोकमार्गसँग जोडिएको छ । हेटौंडाबाट ठिंगन हुँदै ललितपुरको सातदोबाटो जोडिने कान्ति लोकपथ अर्को राष्ट्रिय राजमार्ग हो । यी सबै राष्ट्रियस्तरको सडकको चौडाई दायाँ-बायाँ २५-२५ मिटर हुनुपर्ने भए पनि त्यसो हुन सकेको छैन । सडक ऐन २०२५ ले राष्ट्रिय राजमार्गको सीमा दायाँ-बायाँ २५-२५ गज हुने कानुनी व्यवस्था गरेको छ । हेटौंडा बजार क्षेत्रका राष्ट्रिय सडकहरु कुनै पनि मापदण्डअनुसारका छैनन् । हेटौंडा बजार क्षेत्रमा पर्ने राष्ट्रिय लोकमार्गको दायाँ-बायाँका २५ मिटर क्षेत्रका घरटहरा खाली गरेर सडक चौडा पार्ने चर्चा र बहस धेरै वर्षदेखि चलिरहेको छ । देशका प्रायः सबै क्षेत्रमा सडक विस्तारको काम भइरहेको भए पनि बागमती प्रदेशको राजधानी हेटौंडामा भने सडक सीमा अतिक्रमण हटाएर सडक विस्तारको काम केवल छलफलमा सिमित बनिरहेको छ ।

नेपालका अधिकांश सडक अतिक्रमित छ । राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग, विभिन्न स्तरका सडकहरु र फुटपाथसमेत अतिक्रमण गरेर घरटहरा निर्माण गरी बसोबास गर्ने, व्यवसाय गर्ने कार्य अन्त्य हुन सकेको छैन । कतिपय सडकको अतिक्रमण हटाएर सडक फराकिलो पार्ने प्रयास भए पनि स्थानीयको अवरोधका कारण सम्भव भइरहेको छैन । यो समस्याबाट हेटौंडा बजार पनि ग्रस्त बनेको छ । सडक सीमाभित्र घरटहरा भएका व्यक्तिहरु सडक विस्तारका विरुद्धमा छन् । यहाँका राजनीतिक दल तथा तिनका नेतृत्वको दोहोरो भूमिकाका कारण सडक विस्तार चर्चा र छलफलमै सिमित बनिरहेको छ । अर्कोतिर, सडक सीमाभित्र व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीको समेत सडक विस्तारमा असहयोग रहँदै आएका कारण यो विषय पेचिलो बनिरहेको पाइन्छ । सडक डिभिजन कार्यालयले समय-समयमा राजमार्गको अतिक्रमण हटाउन सूचना जारी गर्ने, नापजाँच तथा लगत संकलन गर्ने कार्य गर्दै आएको भए पनि सडक विस्तारको कुराले मूर्तरुप लिन सकेको छैन । करिब ६ वर्षअघि कार्यालयले हेटौंडाको राप्तीरोडको सडक अतिक्रमण हटाउने कार्य सुरु गरेको भए पनि बीचमै राकिएपछि सडक विस्तार झनै अन्यौलमा परेको छ ।

पछिल्लो समय फेरि पूर्वपश्चिम राजमार्ग विस्तारको चर्चा चुलिएको छ । एसियाली विकास बैंकको ऋण सहयोगमा उक्त राजमार्ग विस्तारसँगै स्तरीकरण गनका लागि डीपीआर निर्माण र वातावरणीय प्रभाव मूल्यांकन कार्य अघि बढेसँगै सरोकारवालाहरुसँग छलफल सुरु भएको छ । बुधबारमात्रै पनि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सडक विस्तारबारे छलफल भएको छ । सडक विस्तारको प्रयास भए पनि अदालतमा मुद्धा परेको र स्थानीय घरधनीहरुको असन्तुष्टिका कारण ढिलाई भएको छलफलमा बताइएको छ । हेटौंडामा सडक विस्तारबाट एक हजार ७ सय ६१ घर तथा संरचनाहरु भत्कने र सडक विस्तारको क्रममा हेटौंडाका करिब ५ हजार व्यवसायीलाई मर्का पर्ने बताइएको छ । सडक सीमाभित्रका घरजग्गा धनीहरुले भने बजार क्षेत्रको राजमार्ग १६-१६ मिटर बनाउने माग गर्दै आएका छन् ।

बढ्दो जनसंख्या र सवारी चापका कारण विभिन्न राजमार्ग तथा शहरी सडक दिनप्रतिदिन साँघुरो बनिरहेका छन् । राजमार्गले चर्चेको जमिनमा सडक बन्नु र यातायात गुड्नुपर्ने हो, तर त्यसो हुन सकेको छैन । सडक सार्वजनिक सम्पत्ति भएकाले राज्यले चाहेमा सडक सीमा मिचेर बनाइएका घरटहरा जुनसुकै बेला खाली गराएर अतिक्रमण हटाउन सक्छ । यसका लागि स्थानीय नेतृत्वले सहजीकरण गरिदिनु उचित हुनेछ । सडक विस्तारका लागि सधैं छलफल, बहस र चर्चामात्र गरिरहने हो भने त्यसले हेटौंडा बजारको समग्र विकासलाई नकारात्मक असर पार्दछ । पछिल्लो समय स्थानीय सरकार र राजनीतिक नेतृत्व पनि हेटौंडामा राजमार्ग विस्तारको पक्षमा देखिएको र देशव्यापी सडक स्तरीकरण र विस्तार भइरहेको सन्दर्भमा हेटौंडाका सडक पनि चाँडै फराकिलो बन्ने आशा गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : नैराश्यता–दिग्दारी र चिडचिडेपन बढ्ने छ ।
**वृष** : दाम्पत्य जीवन र प्रेम सम्बन्धमा सुदृढ रहनेछ ।
**मिथुन** : नकारात्मक कुराले वर्तमान समयलाई पिरोल्न सक्छ ।
**कर्कट** : ज्ञानगुणका क्षेत्रमा समय व्यतित बन्ने छ ।
**सिंह** : राम रमाइलोका क्षेत्रमा समय व्यतित होला ।
**कन्या** : सामाजिक र परोपकारी क्षेत्रका काममा समय बित्ला ।
**तुला** : श्रमको उचित मूल्यांकन हुने समयको योग छ ।
**वृश्चिक** : योजनालाई रचनात्मक रुप प्रदान गरिएला ।
**धनु** : बाध्यताले खर्च बढ्ने समयको योग देखिन्छ ।
**मकर** : डाहा र प्रतिस्पर्धी पराजित हुने समय छ ।
**कुम्भ** : नवीन रोजगारी र व्यवसायमा मन जाला ।
**मीन** : इच्छाशक्ति र दृढ संकल्पले काममा पूर्णता ।

# ‘तस्कर–राज्य’ को विरुद्धमा



✍डम्बर खतिवडा



यो धरती उही हो, यो आकाश उही हो । हावा, पानी र माटोको भिन्नताले कुनै देश धनी, कुनै देश गरिब, कुनै देश विकसित, कुनै देश अल्पविकसित, कुनै देश सुशासित, कुनै देश ‘तस्कार, माफिया र विचौलियाहरूको स्वर्ग’ हुन्छ भन्ने पुष्टि छैन । विश्वका कुनै पनि घटना, देश-परिवेश र अध्ययन-अनुसन्धानका प्रतिवेदनले त्यस्तो दाबी गर्दैन ।

देश भनेको अरु केही हैन, मान्छेले पृथ्वीमा कोरेका साँध-सिमाना मात्रै हुन् । एउटै सिंगो धरतीको एक टुक्रा भाग हो- देश । त्यही धरतीको कुनै भाग धनी हुने, कुनै गरिब हुने, कुनै सुशासित हुने कुनै कुशासित हुने कुरामा ‘मान्छे’ जिम्मेवार हुन्छ, धरती वा आकाश हैन । ‘मान्छे’ मा पनि ती मान्छे जिम्मेवार हुन्छन्, जसले त्यसलाई निर्देशित, शासित वा प्रभावित गरे । ती मान्छेको के दोष जसमा कुनै निर्णयाधिकार थिएन ?

कुनै देश किन धनी हुन्छ, कुनै देश किन गरिब हुन्छ भन्ने बिषयमा संसारमा जति पनि अध्ययन, अनुसन्धान र बहस भएका छन्, त्यसका मुख्य तीन वटा कारण मात्र फेला गरेका छन् ।

एक- ती देश गरिब हुन्छन्, जहाँ कुशासन छ, ती देश धनी हुन्छन् जहाँ सुशासन छ। सुशासन कुनै शाब्दिक निष्ठा र ओठेभक्तिको बिषय हैन । राज्य प्रक्रियामा त्यो जीवन व्यवहार हुनु पर्दछ । सुशासन भाषण गर्ने हैन, लागु गर्ने वा गरेर मात्र लागु हुने कुरा हो । भ्रष्टाचारको अन्त्य र सुशासन समृद्ध राष्ट्रको अपरिहार्य आवश्यकता हो ।

दोस्रो- ती देश गरिब हुन्छन, जहाँ सामाजिक विभेद, जडता, रुढता, द्वन्द्व, अशान्ति र गृहयुद्ध हुन्छ । ती देश धनी हुन्छन्, जहाँ स्वतन्त्रता, समानता, बन्धुत्व र न्यायलाई स्वीकार गर्ने उदार समाज हुन्छ । यी कारणबाट सामाजिक सामञ्जस्यता कायम भई द्वन्द्व, अशान्ति र गृहयुद्धको अवस्था नै आउँदैन । विभेदको अन्त्य हुन्छ र विविधताको मान्यता वा संरक्षण हुन्छ। समावेशितालाई गुड्डी हाँक्ने बिषय हैन, जीवन पद्धतिका रूपमा स्वीकार गरिएको हुन्छ ।

तीन- ती देश धनी हुन्छन्, जहाँ उन्नत ज्ञान, विज्ञान, प्रविधि, आविष्कार, नवप्रर्वतन, व्यवस्थापकीय कौशल र उद्यमशीलतालाई उच्च प्राथमिकतमा राखिन्छ । ती देश गरिब हुन्छन्, जहाँ विवेकको साटो आवेग, योग्यता, दक्षताको साटो नातावाद र पक्षपात, ज्ञानविज्ञानको साटो मुढतालाई प्राथमिकतामा राखिन्छ ।

नेपालको स्थिति यदि नराम्रो हो भने अरु कुनै कारणले हैन, यी तीन कुरा नभएको कारण हो । यसका लागि अरु कोही जिम्मेवार छैन, ती मान्छे र दल जिम्मेवार छन्, जो दशकौंदेखि यो देशको शासन-प्रशासनमा छन् । निर्णयाधिकार उनीहरूको हातमा छ । उनीहरू सर्वेसर्वा जस्ता छन् । तर, उनीहरूको ध्यान र रुचि हुनुपर्ने कुरा होइन, नहुनु पर्ने कुरामा छ। अन्यथा देश गरिब र कुशासित हुनुपर्ने के कारण छ ?

२०४६ साल यताको ३३ वर्षलाई हिसाब गर्ने हो भने यसका मुख्य जिम्मेवार कांग्रेस-एमाले हुन् । २०६३ साल यताको १७ वर्षको हिसाबकिताब गर्ने हो भने यसका जिम्मेवार कांग्रेस, एमाले र माओवादी हुन् । यिनीहरूले जे संस्कार दिए, यस बीचमा त्यही देशको संस्कार बन्यो । यिनीहरूले जस्तो राजनीति गरे, त्यही यो देशको राजनीति बन्यो । उनीहरूले जेजस्ता संस्थाहरू बनाए वा भत्काए, त्यही नै यो देशको संस्थागत प्रक्रिया बन्यो । उनीहरूले जेजस्तो अर्थनीति चलाए, त्यही अनुरूपको देशको अर्थतन्त्रको ढाँचा र चरित्र बन्यो ।

र, आज सबैले एक स्वरमा भन्न पर्ने भएको छ- यी कुनै पनि कुरा सन्तोषजनक छैनन् । आज देश जहाँ र जस्तो छ, खुलेआम भन्न सकिन्छ- कांग्रेस, एमाले र माओवादीको कारणले छ । यदि केही राम्रो भएका छन् भने पनि यिनैका कारणले भएका हुन् । यी तीन र यसका शीर्ष नेताहरूले यदि राम्रो देश बनाउन चाहन्थे भने कसैले रोक्न सक्दैनथ्यो । यदि यिनले भ्रष्टाचार गर्दैनथे भने, गर्न दिँदैनथे भने कसैले भ्रष्टाचार गर्ने आँट गर्दैनथ्यो । यदि यिनले संवैधानिक व्यवस्था र संस्थागत प्रक्रियालाई मान्थे भने कसैले त्यसलाई भत्काउन सक्दैनथ्यो । यदि यिनले राम्रो राजनीतिक संस्कार र चरित्र सिकाउँथे भने त्यो सबैले सिक्न बाध्य हुन्थे । त्यही नै हाम्रो आम चरित्र बन्थ्यो ।

यदि यिनले अवसरवाद र अस्थिरताको अभ्यास गर्दैनथे भने यो देश यति अस्थीर र अवसरवादी बन्दैनथ्यो । यदि यिनले सिन्डिकेट, लुट र गुटतन्त्रको अभ्यास गर्दैनथे भने यी शब्द शब्दकोषमै थन्केर बसेका हुन्थे । दैनिक जीवनमा यसरी बारम्बार प्रयोग गर्नुपर्ने थिएन ।

हामीले यो ठानिरह्यौं कि राजतन्त्र फाल्यौं, लोकतन्त्र ल्यायौं, तर यथार्थमा त दलतन्त्र आए छ । हामीले यो ठान्यौं कि राणा, शाह, पञ्चका निरंकुशता फाल्यौं, स्वतन्त्रता, समानता बन्धुत्व र न्याय ल्यायौं, तर यथार्थमा त गुटतन्त्र र नेतातन्त्र मात्र आए छ । हेर्दाहेर्दै, भोग्दाभोग्दै आज थाहा भयो- देश त भित्रभित्रै ‘तस्कर-राज्य’ भएछ । हामी ‘राजतन्त्र’ बाट गणतन्त्र वा लोकतन्त्रमा हैन, ‘तस्करतन्त्र’ मा गएछौं, लोकतन्त्रको लडाइँ त अझै बाँकी नै रहेछ ।

भरखरै खुलासा भएको नक्कली भुटानी शरणार्थी काण्डले प्रस्ट गर्छ- यो राज्य, यसको चरित्र, यसको हर्कत र क्रियाकलाप भित्रभित्रै कहाँ पुगेको छ । हामी ‘विचौलिया’, ‘माफिया’ वा ‘दलाल’ का कुरा गर्थ्यौ । यी त विचरा भइसके छन् यहाँ । यहाँ त यीभन्दा धेरै ठूलो र भयानक प्रवृत्तिको विकास भइसकेछ- राज्य स्वयं नै ‘तस्कर’ भइसकेछ । जब राज्य नै तस्कर हुन्छ, दलाल, विचौलिया वा माफियाको के कुरा ?

दलाल वा विचौलिया खासमा त्यति भयानक हुँदैनन् जति ‘तस्कर-राज्य’ भयानक हुन्छ । दलाल वा विचौलिया आफैं त्यति शक्तिशाली हुँदैनन्, शक्तिशालीले विश्वास गरे बारबार उनीहरूको शक्ति हुने हो । ‘माफिया’ भनेको समानान्तर सञ्जाल, ‘अन्डरवर्ल्ड’ यतिन्जेललाई हो, जबसम्म राज्यले कुनै गतिलो कारबाही वा अप्रेशन सञ्चालन गर्दैन । तर, राज्य जब आफैं ‘तस्कर-राज्य’ बन्छ त्यसको शोषण र अत्याचारबाट नागरिकलाई कसले बचाउँछ ? नागरिक आफैं उठ्नु र त्यसलाई भत्काउनुको अरु कुनै विकल्प बाँकी रहँदैन ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा सिंगो गृह मन्त्रालय यसरी संलग्न भएको देखिन्छ, मानौं कि यो मन्त्रालय कुनै लोकतान्त्रिक मुलुकको नागरिक शासन प्रशासनको केन्द्र हैन, उल्टै कानुन तोड्ने र गैरकानुनी काम गर्ने, गराउनेहरूको अखडा हो ।

यो काण्डको पर्दाफासबाट यो पनि थाहा हुन्छ कि नेकपा (नेकपा) को जम्बो सरकार कालमा शासन प्रशासनको गुणस्तर कस्तो थियो ? गृहमन्त्रीका सुरक्षा सल्लाहकार र छोराको प्रत्यक्ष संलग्नता भएको घटना गृहमन्त्रीलाई थाहा थिएन भन्नुभन्दा वाहियात कुरा के होला ? शासन प्रशासनमा प्रधानमन्त्री र गृहमन्त्रीको सम्बन्ध कस्तो हुन्छ, त्यसै अनुमान गर्न सकिन्छ ।

इन्द्रजीत राई र प्रतीक थापाको संलग्नतामा भएका घटनामा तत्कालीन गृहमन्त्री रामबहादुर थापाको संलग्नता, संरक्षण र सहयोग छैन भन्नु जति ठूलो भ्रम हो, गृहमन्त्रीको यति ठूलो कुकर्म तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई थाहा थिएन भन्नु उत्तिनै ठूलो भ्रम हो । यो ७० करोडको डिल बाँस्कोटाले बालकोटको सहमतिविना एक्लै गर्न खोजेका थिए भने जस्तै बचकन बुझाइ हो ।

तत्कालीन प्रधानमन्त्री ओलीको कुनै इसारा वा सहजता विना गृहमन्त्री बादलले त्यसो गर्ने आँट गर्न सक्दैथे । वा आशंका हुने बित्तिकै गृहमन्त्रीलाई प्रधानमन्त्रीले बर्खास्त गर्न सक्थे । ठीक यही कुरा बालकृष्ण खाँड र शेरबहादुर देउवाका सन्दर्भमा पनि ठोकेर भन्न सकिन्छ ।

यदि उनी ठीक ठाउँमा थिए वा छन् भने एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रथम कर्तव्य हुन्थ्यो- यो घटना अनावरण हुने बित्तिकै पार्टी उपाध्यक्ष रामबहादुर थापा बादल र सचिव टोपबहादुर रायमाझीलाई निलम्बन गर्नु । ठीक छ, बाँकी कारबाही पछि हुँदै गर्थ्यो । आरोप पुष्टि नभए उनीहरूको निलम्बन फुकुवा हुन सक्थ्यो । यो स्तरको अपराधमा संलग्न पदाधिकारीहरूको बचाउमा उनी उत्रिन हुँदैनथ्यो । तर, एमाले अध्यक्ष ओलीले उल्टै घटनाप्रति रोष व्यक्त गरे । सरकारले आफ्ना नेतालाई फसाउन खोजेको भन्दै प्रधानमन्त्रीलाई भेटेर धम्की दिन खोजे ।

उनले ‘रायमाझी बाटाबाटै पक्राउ गर्नुपर्ने मान्छे नभएको’ अभिव्यक्ति दिएर समानताको सिद्धान्तलाई चुनौती दिँदै राजनीतिक शक्ति सम्भ्रान्तलाई एक फरक र अग्राधिकार प्राप्त वर्गका रूपमा स्थापित गर्ने प्रयत्न गरे । लोकतन्त्रमा कानुनको आँखामा सबै नागरिक बराबरी हुन्छन् भन्ने बिर्से । यदि हत्कडी लगाउन मिल्दैन भने कसैलाई मिल्दैन, हत्कडी लगाउने प्रचलन नै हटाउँदा भयो । यदि लगाउन मिल्छ भने सबैलाई मिल्छ । हत्कडी लगाउने कि नलगाउने भन्ने बिषय कुनै चानचुने कुरा हैन, यसभित्र पनि सांकेतिक रूपमा लोकतन्त्र र समानताको सिद्धान्त क्रियाशील हुन्छ भन्ने उनले बिर्से ।

लोकतन्त्रमा कुनै एकपटक कुनै राज्यको कुनै पदमा बसेका मान्छेहरूलाई राज्यले सर्वसाधारण नागरिकभन्दा फरक व्यवहार गर्नु पर्दछ भन्ने सोच आफैंमा अलोकतान्त्रिक हो ।

ओलीले भन्न सक्नु पर्दथ्यो, ‘मेरो शासनकालमा भएका घटनाको नैतिक जिम्मेवारी लिन्छु, छानबिनलाई सहयोग गर्छु ।’ तर, उनले त्यसो गरेनन् ।

यो घटनामा नेपाली कांग्रेसको प्रतिक्रिया के हुन्छ, अझै अस्पष्ट छ । लहरो तान्दै जाँदा पहरो गर्जिन सक्दछ । सभापति शेरबहादुर देउवाले आफू र आफ्नो गुटलाई असुरक्षित ठानेमा सरकारलाई अवाञ्छित दबाव दिने संभावना रहन्छ । सरकार नै फेरबदलको प्रयत्न पनि हुन सक्दछ ।

अझ रोचक कुरा के छ भने अख्तियार अनुसन्धान दुरूपयोग आयोगका प्रमुख आयुक्त नै यसमा तानिंदैछन् । यसबाट हामीले कस्तो अख्तियार बनाएका छौं भन्ने थप पुष्टि हुन्छ । अहिलेको अख्तियार संचरनाले भ्रष्टाचार रोक्न हैन, ढाकछोप गर्न मद्दत गर्दछ भन्ने सार्वजनिक बहस हुन थालेको दशक भयो । यसलाई जनलोकपाल -पब्लिक अम्बुड्सम्यान) को अवधारणा तहत पुनर्गठन तथा रुपान्तरण गर्न जरुरी छ भन्ने बहस भएको दशक भयो । तर, त्यतातिर अहिलेसम्म कसैले ध्यान दिएन ।

यो कुरा कुनै अज्ञानता वा अवधारणागत भिन्नताको कारणले भएको थिएन, आफैंमा प्रायोजित थियो किनकि शीर्ष नेताहरू अख्तियारमा ‘आफ्ना मान्छे’ लाई भागबन्डामा नियुक्त गरेर ‘आसेपासे’ लाई जोगाउन चाहन्थे । स्वयं आफू त्यसको जोखिमबाट जोगिन चाहन्थे । सेक्युरिटी प्रेस कमिसन प्रकरणमा ‘ओली-बाँस्कोटा-राई नेक्सस’ यसको ज्वलन्त उदाहरण हो । कर्मचारी फसे, राजनीतिक नेतृत्वलाई जोगाइयो ।

सुडान काण्डमा पनि ठीक यस्तै भएको थियो । कर्मचारीहरूलाई फसाइएको थियो भने कोइराला परिवारका नातेदार रुबेल चौधरीलाई एयरपोर्टबाटै भगाइएको थियो । चौधरीलाई भगाउन तत्कालीन गृहमन्त्री कृष्णबहादुर महरा आफैं सक्रिय भएका थिए ।

लोकमान सिंह कार्की, दीप बस्न्यातदेखि प्रेमकुमार राईसम्म आइपुग्दा यो झनै प्रस्ट भएको छ, अहिलेको अख्तियार संचरनाको कुनै काम छैन । यो लोकतान्त्रिक राज्यको एक निष्पक्ष तथा तटस्थ दण्डाधिकारी निकाय भएर ‘तस्कर-राज्य’ को एक सहयोगी अंग मात्र हो । यसलाई अविलम्ब ‘जनलोकपाल’ मा बदल्नै पर्छ । सार्वजनिक जीवनमा नैतिकता र सदाचारको प्रतीक बनेको कुनै आदर्श पात्रलाई संसदबाट सिधै अख्तियार प्रमुखमा नियुक्त गर्ने वा अख्तियार सेवालाई निजामति सेवाबाट भिन्न गरी त्यही भित्रको पदसोपानक्रमबाट प्रमुख आयुक्त र आयुक्तहरू नियुक्त गर्ने प्रचलनमा जानै पर्दछ ।

यदि सीआईबीले अग्रसरता नदेखाएको भए नक्कली भुटानी शरणार्थी प्रकरणमा अख्तियार कानमा तेल हालेर बस्ने निश्चित थियो । जस्तो कि यस बीचका कयौं ठूला भ्रष्टाचारका काण्ड, वाइडबडी, यती तथा ओम्नी प्रकरण, सेक्युरिटी प्रेस आदिमा अख्तियारले कुनै विश्वसनीय छानबिन गरेन ।

यहीबीच पूर्वकांग्रेस नेता तथा स्वतन्त्र सांसद अमरेशकुमार सिंहले ‘गणतन्त्रका पम्फादेवी’ नामक नयाँ शब्दबाली प्रयोग गरेका छन् । यो शब्दाबली पञ्चायतको उत्तरार्धतिरको ‘भूमिगत गिरोह’ जतिकै कर्कश, कठोर, असैह्य प्रतीत हुन्छ । ‘गणतन्त्रका पम्फादेवी’ कुनै व्यक्ति केन्द्रित लाञ्छना मात्र हैन, यो यस्तो अवधारणाको अनावरण हो, जसले ‘तस्कर-राज्य’ को त्यस्तो तहलाई इंगित गर्दछ, जसले ‘उत्तरदायित्व विनाको प्राधिकार’ प्रयोग गर्दछ ।

यस्तो अधिकारको उपयोग आफैंमा अधिकारको दुरूपयोग हो । कानुनी तथा संवैधानिक प्रक्रियाले अधिकार नदिएका अवाञ्छित व्यक्ति तथा परिवारका सदस्यबाट अधिकारको दुरूपयोग हुनु हाम्रो लोकतन्त्र ‘आधुनिक राणाशासन’ मा पतन हुँदै गएको प्रमाण हो, यसलाई किमार्थ सहन सकिँदैन । हिजोका ‘पम्फादेवी तथा पम्फादेवहरू’ विरुद्ध जसरी जनसंघर्ष भए, गणतन्त्रका ‘पम्फादेवी तथा पम्फादेव’ हरू विरुद्ध पनि जनता जाग्नै पर्छ ।

‘तस्कर-राज्य’ विरुद्धको आम जागरण र जनसंघर्ष आजको पहिलो प्राथमिकताको बिषय हो । अन्यथा यो राष्ट्र मर्न सक्नेछ । यो देश केही सीमित तस्करबाहेक कोही बस्न योग्य रहने छैन । यदि तेस्रो जनआन्दोलन जरुरी पर्छ भने त्यसका लागि समेत तयार रहनु पर्दछ, तर नागरिकले ‘तस्कर-राज्य’ को शासन किमार्थ सहनु हुँदैन ।

*(स्रोतः अनलाईनखबर)*

# हलचल ल्याउने गगनको स्टाटस




काठमाडौंः शुक्रबारको कांग्रेस पदाधिकारी बैठक पनि तिक्ततामै सकिएको थियो। त्यसको सुरुवात भने दुई दिनअघि नै सभापति शेरबहादुर देउवाको निवास धुम्बाराहीमा भइसकेको थियो । अक्सर 'रिल्याक्स्ड' रहने सभापति शेरबहादुर देउवा उपचुनावपछि भने तनावमा छन् । उनी निकट एक नेताले भने अनुसार २०७४ को चुनावमा कांग्रेसले वाम गठबन्धन सामु धेरै सिट गुमाउँदा पनि उनी यस्तो तनावमा थिएनन् । 'कम्युनिस्ट मिलेपछि हारिहालिन्छ नि', उनी एउटा निपात र अरु तीन शब्द बोलेर विरोधका स्वरहरुलाई सामसुम पार्थे ।

बुधबार धुम्बाराही निवासको पदाधिकारी बैठकमा भने देउवा स्वतन्त्र उम्मेदवारहरुले पाइरहेको समर्थनप्रति चिन्तित देखिन्थे। पोहोर वैशाखको स्थानीय चुनावदेखि मंसिरको आम चुनाव, अनि केही साताअघिको उपचुनावका क्रममा प्राप्त नतिजाहरुबारे देउवाले आफ्नो संक्षिप्त बुझाइ बैठकमा सुनाए। कांग्रेस जगाउनुपर्ने बताए। कुनै ठोस कार्ययोजना दिएनन् । बरु सजिलो सूत्र थमाए- भ्रातृ संस्थाहरुमा रिक्त पद पूर्ति गरिहालौं । त्यसका लागि उनले दुई महामन्त्री र मुख्य सचिवलाई कार्ययोजना बनाउन लगाए ।

देउवा बोलिसक्नेबित्तिकै महामन्त्री गगन थापा पड्किए, 'पार्टीमा सर्वेसर्वा हुनुभएको छ । सबै निर्णय एकलौटी गर्नुहुन्छ । केन्द्रीय सदस्यहरु एक्लै थप्नुभयो । भ्रातृ संगठनहरुमा सभापति पनि आफैं छान्नुभयो । अरु पदमा हामी किन ? त्यो पनि आफैं गरिहाल्नुहोस् ।' थापाले अहिलेसम्म पार्टीलाई नीति, पद्दति बेगर हिँडाएको जिम्मेवारी देउवाले लिनुपर्ने बताए। महामन्त्रीका रुपमा कार्यकर्ताहरुले निर्वाचित गराए पनि पार्टीमा भूमिकाविहीन बनाएर के गर्न खोजेको हो भनी प्रश्न गरे । बैठकमा सहभागी एक पदाधिकारीले अनलाइनखबरलाई आइतबार साँझ बताए अनुसार देउवाले नरम भाषामा थापालाई जवाफ दिन खोजे, 'अब तपाईं पनि नेता भइसक्नुभयो यार । के गर्ने हो प्लान गर्नुहोस् ।'

शुक्रबार बसेको अर्को बैठकमा पनि त्यसैको पुनरावृत्ति भयो । खासमा थापा देउवासँग झोक्किए पनि त्यत्तिकै मात्रामा रिसाएका छन् अर्का नेता शेखर कोइरालासँग । शब्दमा हिजोआज मानिसहरुले 'शेखर-गगन समूह' भन्ने गरे पनि आन्तरिक रुपमा भावनात्मक ऐक्य बाँकी छैन । यस्तैमा हुन गएको मन्त्रिपरिषद विस्तारले पनि थापालाई त्राण दिएन। अघिल्लो साता र आज आइतबार गरी नवौं र दसौंपल्ट विस्तारित मन्त्रिपरिषद्मा पनि थापा र अर्का महामन्त्री शर्माको चाहना प्रकट हुन पाएन । देउवाले कि त आफ्ना, कि त शेखर कोइराला पक्षका मान्छेहरुलाई नै बढ्ता महत्व दिँदा आफू छायाँ परेको महामन्त्री थापाले अनुभूत गरेका छन् । उनी निकटस्थ नेताहरुले थापा पार्टीभित्र र बाहिर शृंखलाबद्ध प्रहारको शिकार हुनुपरेको बताएका छन् ।

'जीवन परियार, प्रदीप पौडेल र बद्री पाण्डेभित्रबाट मन्त्री बनाउनुपर्ने थियो, राज्यमन्त्री पनि पाए मुक्ताकुमारी यादवको', थापा निकट स्रोतले भन्यो, 'तर शेखर दा अरु नै दुई मन्त्रीको नाम दिएर सिंगापुर उड्नुभयो। गगनजीले फोन गर्दा पनि उठाउनुभएन ।' पछिल्लो समय देउवाले शेखरलाई प्रयोग गरिरहेको, त्यसैका आधारमा पार्टीभित्र एकलौटी मच्चाइरहेको थापाको बुझाइ छ। शंका कतिसम्म बढ्दै गएको छ भने मंसिरको चुनावमा प्रत्यक्षतर्फ टिकट वितरण गर्नेदेखि आगामी पार्टी महाधिवेशनमा शेखरलाई आफ्नो समूहको तर्फबाट सभापतिको टिकट दिनेसम्मका आश्वासन देउवाले दिएपछि शेखर मत्थर बन्दै गएको थापाको बुझाइ छ ।

महामन्त्री थापाले अर्का पदाधिकारीसँग भने अनुसार उनी एकदमै दिक्दारीको भावमा छन्। पार्टीमा आफूले बनाएका कुनै पनि योजनालाई अघि बढ्न नदिएको, सबैखाले नियुक्तिहरुमा कुनै परामर्श नगरेको भन्दै थापाले असन्तुष्टि जनाइरहेका छन्। 'उपचुनाव कारण होइन, परिणाम हो । यत्ति पनि बुझ्न नसक्ने ?' थापाले देउवाको आलोचना गर्दै भनेको उद्घृत गर्दै ती पदाधिकारीले सुनाए । आगामी रणनीतिबारे थापाले अर्का महामन्त्री विश्वप्रकाश शर्मासँग मसिनो गरी छलफल गरिसकेको उनका निकट सहयोगीले बताए । कांग्रेस नेतृत्वप्रति मानिसहरुमा बढ्दो विकर्षण, नागरिकहरुले नरुचाएको कांग्रेस-माओवादी गठबन्धन लगायत विषयमा कार्यकर्ता पंक्तिमा के सन्देश लगेर जाने भन्नेमा उनीहरुको नियमित छलफल भइरहेको छ ।

ती नेताका अनुसार कार्यकर्ता पंक्ति नै पार्टीसँग एकढिक्का नहुने हो कि भन्ने चिन्ताले महामन्त्रीहरुलाई छोएको देखिन्छ । 'सभापतिले आफू पनि केही नगर्ने, गर्न चाहनेलाई पनि गर्न नदिने स्थिति उत्पन्न भएको छ', महामन्त्रीहरुसँग निकट नेताले भने। यसै क्रममा आइतबार साँझ महामन्त्री थापाले फेसबुक र ट्वीटरमा लेखे, जुन उनका यसअघिका ट्वीटहरुको भाषाशैलीसँग मेल खाँदैन । 'तर हरेक पटक सोचें, म जिम्मेवारी लिएर बसेको छु, एउटा सीमा छ । त्यसैले कहिले मौन रहें त कहिले भित्रै आफ्ना मत र अडान राखें, लडे, साथीहरूलाई सम्झाएँ तर अब त अति भयो ၊' थापाले लेखेका छन् ।

अनलाइनखबरसँग टिप्पणी गर्ने क्रममा देउवा निकट नेताले त्यसलाई थापाको ट्वीटरबाट आए पनि अर्का महामन्त्री शर्माको जस्तो लाग्ने भाषा भएको कटाक्ष गरे। 'मतलब अलिक अमूर्त र साहित्यिक खालको भन्ने अर्थमा', ती नेताले भने। थापाको ट्वीट हेर्दाखेरि अमूर्त भए पनि यसका अर्थहरु उनीहरु लगाउन सक्षम छन् । सन्निकट संकटलाई त्यसले संकेत गरेको छ । कतिपय कार्यकर्ताहरु कांग्रेस छाडेर नयाँ उदाउँदा पार्टीमा अवसर चहार्दैछन् । थापाको ट्वीट प्रति धेरैले पार्टीभित्र विद्रोह या विभाजनसम्मकै संकेतका रुपमा अर्थ्याए पनि उनको भित्री समूह त्यस रुपमा परिभाषित गर्दैन । थापा निकट नेताले भने अनुसार निर्णायक संघर्ष हुन्छ, तर पार्टीभित्रै । त्यसले नयाँ ध्रुवीकरणलाई स्पेस दिनेछ ।

कांग्रेस राजनीतिलाई नियालिरहेका विश्लेषकहरुले पनि त्यस्तो सम्भावित कदमका पछिल्तिर आधारहरु देखेका छन्। कांग्रेस राजनीतिलाई विश्लेषण गरि रहेका गेजा शर्मा वाग्लेका अनुसार दुई महामन्त्रीले अहिलेसम्म भएका घटनाक्रम, परिणामविहीन प्रयत्न र धोकाबाट पाठ सिक्न खोजेका छन् । आइतबार थापाले दिएको ट्वीटर/फेसबुकको संक्षिप्त वक्तव्य त्यसैको संकेत हो। 'अहिलेसम्म कांग्रेसमा देउवा र कोइराला समूह गरी दुई ध्रुवमा विभाजित थियो, अब गगन-विश्वप्रकाशले वैचारिक तथा सैद्धान्तिक आधारमा नयाँ ध्रुवीकरण गरी नयाँ समीकरण बनाउन चाहेको देखिन्छ,' उनले भने, 'गगनजीले देउवालाई राजनीतिक, सैद्धान्तिक, सांगठनिक र मनोवैज्ञानिक दबाव दिँदै पार्टी रूपान्तरण, पुस्तान्तरण र सुधारका लागि परिणाममुखी पहल मात्रै होइन, निर्णायक संघर्ष नै गर्न खोजेको देखिन्छ। किनभने सुधार र परिमार्जनका दिशामा अघि बढ्ने कि यहीँ रोकिने भन्ने प्रश्न पार्टीभित्र मुख्य बन्दै गएको देखिन्छ ।' स्रोतः अनलाइनखबर ।

# ध्यान गर्न काठमाडौं आए आमिर खान



काठमाडौंः बलिउड अभिनेता आमिर खान नेपाल आएका छन् । उनी बुढानिलकण्ठस्थित विपश्यना ध्यान केन्द्रमा ध्यान गर्न काठमाडौं आएका हुन्। स्रोतका अनुसार उनको आइतबार ७ बजेदेखि शिविर सुरू हुनेछ भने १८ तारिखमा शिविर सकिनेछ । उनी १० दिन मौन बस्नेछन् । यसबीच उनलाई केही अत्यावश्यक सामान चाहिएमा स्वयमसेवीसँग कुरा गर्न पाउनेछन्। त्यस्तै गुरूसँग पनि बोल्ने पाउनेछन् ।

पछिल्लो समय आमिर फिल्म 'लाल सिंह चढ्डा' मा देखिएका थिए । आमिर खानसँगै करीना कपूर खानको पनि मुख्य भूमिका रहेको 'लाल सिंह चड्ढा' धेरै वर्ष लगाएर बनेको फिल्म हो। अंग्रेजी फिल्म 'फरेस्ट गम्प' को रिमेक यो फिल्म बक्स अफिसमा भने फ्लप भएको थियो । गत अगस्ट ११ रिलिज भएको यही फिल्मबाट आमिर खानले चार वर्षपछि बलिउडमा कमब्याक गरेका थिए ।

'मिस्टर परफेक्सनिस्ट' का रूपमा चिनिने आमिरको यो फिल्म हिट हुने निकै आशा गरिएको थियो । तर यसले दर्शक रिझाउन सकेन । दर्शक तान्न नसकेपछि फिल्म रिलिज भएको केही दिनमै शोहरू रद्द भए । एक सय ८० करोड भारू हाराहारीमा बनेको यो फिल्मले मुस्किलले विश्वव्यापी रूपमा एक सय ३० करोड भारू कमाएको थियो। फिल्मलाई अद्वेद चन्दनले निर्देशन गरेका हुन् ।

पछिल्लो समय आमिर खान 'गजनी' को सिक्वेलको तयारीमा रहेको भारतीय सञ्चारमाध्यमहरूले लेखेका छन्। स्रोतः सेतोपाटी ।

## मन्त्रीमध्ये...

महिला नेतृत्वको अनुपात १३ प्रतिशत हो । बाँकी दुई राज्य मन्त्रीसमेत गरेर मन्त्रिपरिषदमा २० प्रतिशत महिला सहभागिता छ । 'संविधानले कमजोर वर्गलाई उठाउने भनेको छ। तर नेतृत्वले त्यही वर्गको क्षेत्रमा काम गर्ने मन्त्रालयलाई प्राथमिकता दिएको छैन, महिला सहभागिता लाजमर्दो छ' पन्त भन्छिन् ।

महिला, बालबालिका तथा जेष्ठ मन्त्रालयका पुरुष मन्त्री

शेरबहादुर देउवा, रामेश्वर राय यादव, सूर्यबहादुर थापा, गिरिजाप्रसाद कोइराला, कुलबहादुर गुरुङ, कृष्णप्रसाद भट्टराई, चिरञ्जीवि वाग्ले, राजेन्द्र खरेल, गोरेबहादुर खपाङ्गी, खड्गबहादुर विश्वकर्मा, पुष्पकमल दाहाल प्रचण्ड, रामचरण चौधरी, माधवकुमार नेपाल, बिजयकुमार गच्छदार, सर्वदेवप्रसाद ओझा, बाबुराम भट्टराई, महेन्द्रप्रसाद यादव, बद्रीप्रसाद न्यौपाने, सीपी गजुरेल, कुमार खड्का, बिक्रमबहादुर थापा, पार्वत गुरुङ, लीलानाथ श्रेष्ठ, महिन्द्र राय यादव र सुरेन्द्रराज आचार्य ।

पुरुष राज्यमन्त्रीः रामबच्चन अहिर, अरविन्द साह र मोहमम्द जाकिर हुसेन । पुरुष सहायक मन्त्रीः दुर्योधन चौधरी, नरेशबहादुर सिंह, केशबबहादुर चन्द र गोल्चे सार्की ।

## नागरिकता विधेयकमा राष्ट्रपतिले थाले परामर्श

# प्रमाणीकरण गर्न महान्यायाधिवक्ता कार्यालयको सुझाव

काठमाडौंः करिव साढे सात महिनादेखि शीतल निवासमा अलपत्र नागरिकता विधेयकमाथि राष्ट्रपति रामचन्द्र पौडेलले कानूनी परामर्श थालेका छन् । आफ्नो सन्देशसहित एक पटक फर्काएको विधेयक प्रतिनिधिसभा र राष्ट्रियसभाले हुबहु पारित गरेर पुनः पेश गरेपछि निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले विधेयक प्रमाणीकरण नगरी छाडेकी थिइन् । त्यही विधेयक अघि बढाउनेबारे राष्ट्रपति पौडेलले छलफल गरेका हुन् ।

'आज राष्ट्रपतिज्यूले महान्यायाधिवक्तासँग यसबारेमा परामर्श लिनुभयो', राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले भने, 'मुलुकमा रहेका केही जल्लाबल्दा विषयको संवैधानिक अवस्थाबारे परामर्श भयो ।' गत असोजदेखि अलपत्र परेको विधेयक अब आएर प्रमाणीकरण गर्न सम्भव हुन्छ कि हुदैन, यदि सम्भव हुदैन भने यो विषयलाई कसरी टुंग्याउन सकिन्छ भन्नेमा राष्ट्रपति पौडेलले त्यसको कानुनी पाटोवारे छलफल थालेका हुन् ।

राष्ट्रपति कार्यालयका एक अधिकारीका अनुसार, महान्यायाधिवक्ता डा. दिनमणि पोखरेल र सहन्यायाधिवक्ता सञ्जीवराज रेग्मीको टोलीले उक्त विधेयकका विषयमा राष्ट्रपतिले चाल्न सक्ने विभिन्न विकल्पबारे कानूनी परामर्श दिएको छ। एक, एक पटक सन्देशसहित सदनमा फर्काएको विधेयक परिमार्जन भएर वा हुबहु फेरि राष्ट्रपति कार्यालय पुगेमा त्यसलाई रोक्न सकिने संवैधानिक व्यवस्था छैन। अर्को, दोस्रोपटक पेश भएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्छ भन्ने संवैधानिक प्रावधान रहेकोमा समयसीमा कटेपछि प्रमाणीकरण गर्न बाधा भएको अर्थमा बुझ्न नहुने समेत उनीहरुले सल्लाह दिएका थिए ।

तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले विधेयक रोक्दा शीतल निवासले औपचारिक रुपमा केही बोलेको थिएन, तर अधिकारीहरुले तल्लो सदनको पदावधि सकिएकाले नयाँ जनादेशसहित आउने प्रतिनिधिसभाले विधेयक पेश गर्ने तर्क गरेका थिए । त्यससम्बन्धी विवाद अदालतमा प्रवेश भएपछि लिखित जवाफ दिँदै राष्ट्रपति कार्यालयले राष्ट्रपतिले 'विशेषाधिकार' प्रयोग गरेर विधेयक यथास्थितिमा राखेको दाबी गरेको थियो । पहिलोपटक विधेयक पेश भएपछि सन्देशसहित संघीय संसदमा पेश भएको विधेयक कुनै छलफल र परिमार्जनविना यथास्थितिमा आएको भन्दै राष्ट्रपति कार्यालयले त्यसलाई 'सन्देशको अनदेखा गरिएको' निष्कर्ष निकालेको थियो। लिखित जवाफमा भनिएको थियो, 'प्रमाणीकरणका लागि मात्रै पठाउनुले यो संस्थाको गरिमा कायम रहेन ।'

तर महान्यायाधिवक्ताको कार्यालयको टोलीले संघीय संसदबाट प्रमाणीकरणका लागि पेश भएको विधेयकमा सदनको पदावधि सकिनुले कुनै अर्थ नराख्ने राय दिएको छ। 'विधेयक प्रमाणीकरण नगर्नुको विकल्प फेरि त्यसलाई सन्देशसहित वा त्यत्तिकै संघीय संसदमा फर्काउनुपर्ने भयो', महान्यायाधिवक्ताको राय उधृत गर्दै राष्ट्रपति कार्यालय स्रोतले भन्यो, 'प्रमाणीकरणका लागि दोस्रोपटक पेश भएको विधेयक संसदमा फर्काउने कुनै परिकल्पना नभएकाले अघि बढाउदा नै उचित हुने विकल्पको संवैधानिक धरातल बलियो हुने भन्ने उहाँहरुको सल्लाहको सार हो ।'

शनिबारमात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सत्ता गठबन्धनका शीर्ष नेताहरुले महान्यायाधिवक्तासहित कानून व्यवसायीहरुसँग नागरिकता विधेयकको विषयमा परामर्श गरेका थिए। त्यसक्रममा बालुवाटारमा उपस्थित अधिकांश कानुन व्यवसायीले कुनै टुंगो नलागेर राष्ट्रपति कार्यालयमा विधेयक अलपत्र परेको अवस्थामा संसदमा नयाँ विधेयक लैजान नसकिने, विधेयक फिर्ता हुने सम्भावना पनि नभएकाले प्रमाणीकरण नै सही विकल्प भएको सुझाव दिएका थिए । उक्त छलफलमा सहभागी वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीका अनुसार, एउटा राष्ट्रपति अवकाश पाएर विदा भएपछि आउने उत्तराधिकारीले बाँकी रहेका काम अगाडि बढाउन सक्ने भन्दै त्यसलाई अन्यथा भनी अर्थ लगाउन नसकिने सुझाव अधिकांश कानुन व्यवसायीको थियो ।

'विधेयक नै संविधानसँग बाझिन्छ भन्ने आशंका छ भने भोलि सर्वोच्च अदालतको संवैधानिक इजलासले त्यसको परिक्षण गर्नेछ' उनले भने, 'भोलि यसो होला भन्ने अनुमानका आधारमा राष्ट्रपतिले आफूसँग हुँदै नभएको अधिकार प्रयोग गरेका कामहरु सच्याउँदै जानुपर्छ भन्ने सुझाव आएका छन् ।' राष्ट्रपति कार्यालयका एक अधिकारीका अनुसार, अब प्रधानमन्त्रीले औपचारिक रुपमा चासो राख्ने र त्यसका आधारमा विधेयकलाई टुंग्याउने काम हुनसक्छ । अर्कोतर्फ राष्ट्रपतिले नै यो विषयमा महान्यायाधिवक्तासँग औपचारिक रुपमा कानूनी राय माग्ने सम्भावना पनि छ । उनले भने, 'तर पहिलो विकल्पमै समाधान खोज्ने सम्भावना प्रवल छ ।'

आइतबारको राष्ट्रपति कार्यालयमा विधेयक प्रमाणीकरणको विषय अदालतमा विचाराधीन भएकाले त्यसले अप्ठेरो पार्ने/नपार्नेबारे छलफल भएको थियो । तर अन्तरिम आदेश नभएको र रिट निवेदनमा माग गरेकै बाटोमा निर्णय हुन लागेकाले अप्ठेरो नपर्ने महान्यायाधिवक्ता कार्यालयको टोलीले राय दिएको राष्ट्रपति कार्यालय स्रोतको भनाइ छ । स्रोतः अनलाइनखबर ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा
अब


होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# आफिजको गोलमा मच्छिन्द्रको जित संकटा हारबाट जोगियो



गोलपछि खुसी व्यक्त गर्दै मच्छिन्द्रका ओलावाले अफिज ।

काठमाडौंः फरवार्ड ओलावाले आफिजले इन्ज्युरी समयमा गोल गरेपछि मच्छिन्द्र क्लबले सहिद स्मारक ए डिभिजन लिगमा नेपाल एपिएफ फुटबल क्लबलाई पराजित गरेको छ । दशरथ रंगशालामा आइतबार मच्छिन्द्रले २-१ को जित दर्ता गर्‍यो । एपिएफले खेलमा सुरुवाती अग्रता लिएपनि दुवै हाफको इन्ज्युरी समयमा गोल खाँदा हार बेहोर्न पुगेको हो । एपिएफका लागि अर्मान्ड बेडमले सुरुवाती अग्रता दिलाएका थिए । तर ओमोलाजा करीमले फ्रिकिक र ओलावाले आफिजले पेनाल्टी क्षेत्र बाहिरबाट उत्कृष्ट गोल गर्दै मच्छिन्द्रलाई जित दिलाए ।

खेलको १७ औं मिनेटमा सुरज विकलाई टाउकोको चोटका कारण गुमाएको मच्छिन्द्रले ३३ औं मिनेटमा विमल घर्ती मगरको साथ पाएन । ल्यान्डिङ गर्ने क्रममा खुट्टामा चोट बोकेपछि विमल बाहिरिएका थिए । यसैपनि टोलीका मुख्य डिफेन्डर देवेन्द्र तामाङलाई विश्राम दिइएको थियो । ३७ औं मिनेटमा एपिएफले अग्रता लियो । विकि तामाङको प्रहार फितलो हुँदा अर्मान्डले ६ यार्ड बक्स भित्रबाट सहजै गोल गरेका थिए । तर इन्ज्युरी समयमा मच्छिन्द्रले बराबरी गोल फर्कायो । पेनाल्टी क्षेत्रको ठिक बाहिरबाट करीमको शक्तिशाली फ्रिकिक प्रहार सिधै गोलमा परिणत भएको थियो । उनको प्रहार गोलरक्षक एन्जल श्रेष्ठको ठिक अगाडि ठोक्किन पुग्दा गोलरक्षकको डाइभ व्यर्थ भएको थियो ।

दोस्रो हाफको इन्ज्युरी समयमा आफिजले सुन्दर गोल गर्दै जित पक्का गरे । झन्डै २५ यार्ड टाढाबाट आफिजले गरेको हाफ भली प्रहार गोलरक्षक एन्जलले बचाउन सकेनन् । आफिजले सिजनको व्यक्तिगत दशौं गोल गर्दै मच्छिन्द्रको ३ अंक पक्का गरे । यस जितसँगै मच्छिन्द्र अंक तालिकाको चौथो स्थानमा उक्लिएको छ । समान २४ अंक भएपनि हेड टु हेड नतिजाका आधारमा मच्छिन्द्र जावलाखेल र थ्री स्टारभन्दा पछि रहेको हो । एपिएफ भने १५ खेलमा १९ अंकसाथ नवौं स्थानमा छ ।

यस्तै लेवनानका फरवार्ड युसुफ अथ्रिसले इन्ज्युरी समयमा पेनाल्टीमार्फत गोल गर्दा संकटा क्लब सहिद स्मारक ए डिभिजन लिगमा त्रिभुवन आर्मी फुटबल क्लबसँग हारबाट जोगिएको छ । एन्फा कम्प्लेक्समा आइतबार सम्पन्न खेलमा संकटाले आर्मीलाई १-१ को बराबरीमा रोक्दै रेलिगेसन क्षेत्र छाड्यो । आर्मीले कप्तान भरत खवासको गोलमा पहिलो हाफमा अग्रता लिएपनि अन्तिम समयमा गोल खाँदा अंक बाँडेको हो । आर्मी यस बराबरीसँगै १५ खेलमा २१ अंक जोड्दै छैटौं स्थानमा छ । यता संकटा १५ खेलमा १७ अंकका साथ दशौं स्थानमा उक्लिएको छ ।

खेलको १८ औं मिनेटमा कप्तान भरत खवासले आर्मीलाई अग्रता दिलाएका थिए । जिलेस्पी जंग कार्कीको पासलाई उनले पेनाल्टी क्षेत्रभित्र लग्दै गोल गरेका थिए । तर दोस्रो हाफको इन्ज्युरी समयमा गोल खाएपछि आर्मी जितबाट बन्चित भयो । इन्ज्युरी समयको चौथो मिनेटमा भरत चौधरीले जुनिअर एन्कुंगेलाई फल गरेपछि रेफ्री प्रज्वल क्षेत्रीले पेनाल्टी दिए । अथ्रिसले पेनाल्टीमा गोल गर्दै संकटालाई हारबाट जोगाए । अथ्रिसले सिजनको पहिलो गोल पनि गरे । स्रोतः हाम्रो खेलकुद ।

# उत्कृष्ट खरेललाई नगद पुरस्कार

समाज संवाददाता

हेटौंडाः त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित बीएससी सीएसआईटीको परीक्षामा उत्कृष्ट अंक हासिल गर्न सफल भएका दिनेश खरेललाई २० हजार रुपैयाँ राशिसहित पुरस्कृत गरिएको छ । आइतबार हेटौंडा सिटी कलेजले एक कार्यक्रमको आयोजना गर्दै खरेललाई कलेज सञ्चालक अनिल पाण्डेले व्यक्तिगतरुपमा पुरस्कृत गर्नुभएको हो ।

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत् ४ वर्षे स्नातक तह कम्प्युटर विज्ञान तथा सूचना प्रविधि (बीएससी सीएसआईटी)को प्रथम तहको परीक्षामा ८९ दशमलब ८ प्रतिशत अंक खरेलले प्राप्त गर्नुभएको थियो । कलेजबाट २२ जना विद्यार्थीमध्ये २१ जना परीक्षामा सहभागी भएका थिए ।

२०७४ सालदेखि कलेजले उत्कृष्ट अंक प्राप्त गर्दै आइरहेको कलेजका प्रमुख श्रीबहादुर कार्कीले जानकारी दिनुभयो । विगतको तुलनामा २०७८ सालको नतिजामा सुधार आएको उहाँले बताउनुभयो ।

कलेजका सञ्चालक पाण्डेले उत्कृष्ट अंक प्राप्त गर्ने खरेललाई दोस्रो सत्रको अध्ययनका लागि एक लाख रुपैयाँ छात्रवृत्ति प्रदान गरिने बताउनुभयो । यस्तै दक्ष जनशक्ति उत्पादन गरी रोजगार प्रदान गर्नका लागि सहयोग गरिने उहाँको भनाई छ ।

कलेज सञ्चालक समितिका अध्यक्ष रमिता पाण्डेको सभाध्यक्षतामा कार्यक्रम भएको हो । परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विशाल क्षेत्री, रविन ब्लोन, प्रजिना ब्लोन र राघव घिमिरेलाई पनि प्रशंसापत्र प्रदान गरिएको छ ।

# एकै दिन २ जना मृत फेला

काठमाडौंः अखिल नेपाल फुटबल संघ (एन्फा) को आपतकालिन बैठक सोमबार बस्दैछ । एन्फा महासचिव किरण राईले आइतबार पदाधिकारी तथा सदस्यहरुलाई पत्रमार्फत सोमबार दिउँसो २:०० बजे सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सुरु हुने आपतकालिन बैठकमा उपस्थित हुन अनुरोध गरेका छन् ।

'अखिल नेपाल फुटबल संघको विधान २०७७ संस्करणको धारा ३९ (२) वमोजिम विशेष परिस्थितिमा कार्यसमितिको आपतकालिन बैठक राखिएको हुँदा उपस्थितिका लागि निर्देशानुसार अनुरोध गर्दछु ,' पत्रमा उल्लेख छ । यसअघिको आपतकालिन बैठकमा ३ उपाध्यक्षसहितको असन्तुष्ट समूहले बहिष्कार गरेको थियो । त्यसका बाबजुद एन्फाले विभिन्न निर्णय गरेको थियो । स्रोतः हाम्रो खेलकुद ।


## क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा विरामीले बिल बमोजिम बढीमा पचास हजार रुपैंयासम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

## स्वास्थ्य कार्यालय, मकवानपुरको खोप सम्बन्धी अत्यन्त जरुरी सुचना

बालबालिकाहरुलाई विभिन्न संक्रामक रोगहरुबाट बचाउन जन्मे देखि १५ महिना भित्र विभिन्न खोपहरु नेपाल सरकारबाट निशुल्क उपलब्ध हुँदै आएको छ । बालबालिकालाई उमेर अनुसार लगाउनुपर्ने सबै खोपहरु पुरा गराएमा मात्र बालबालिकालाई स्वास्थ्य राख्न सकिन्छ । त्यसैले १५ महिना भित्रमा लगाउनुपर्ने खोपहरु छुट भएको भए नजिकैको खोपकेन्द्र लगि आफ्ना बालबालिकालाई खोप पुरा गराउन हुन अपिल गरिन्छ ।

याद गर्नुहोसः बालबालिकाको पूर्ण खोपको लागि खोज र खोप अभियान सञ्चालन भईरहेको छ तसर्थ आफ्ना ५ बर्ष मुनिका बालबालिकामा समेत नेपाल सरकारबाट उपलब्ध हुने कुनैपनि खोप लगाउन छुट भएको भए नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

स्वास्थ्य कार्यालय
मकवानपुर

## हेटौंडा अस्पताल

बागमती प्रदेश, हेटौंडा

अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावलाई स्वागत छ ।

### हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा

सेवाहरू

हाडजोर्नी विशेषज्ञ सेवा : शल्यक्रिया सेवा
बालरोग सेवा : फिजियोथेरापी
प्रसुति सेवा : न्यूरो सेवा
दन्त सेवा : आयुर्वेद सेवा
फिजिसियन सेवा : क्याविन सेवा
नाक, कान, घाँटी सेवा : छाला रोग सेवा



विशेष सेवा

ICU, HDU : ART सेवा
Dialysis : OT/Post/OP
General Lab (PCR) : सर्जिकल वार्ड सेवा
Endoscopy : मेडिकल वार्ड सेवा
USG : सामाजिक सेवा ईकाई
CT SCAN : OCMC सेवा
ECG : जेरायट्रिक वार्ड सेवा
MRI शिघ्र रुपमा सुचारु हुँदै
NICU/PICU शिघ्र रुपमा सुचारु हुँदै
टिकट खुल्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
बिरामी पुर्जा काट्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Online टिकट सेवा
Emergency सेवा
ओ.पि.डी खुल्ने समय
बिहान १० बजे देखि ३ बजे सम्म
शुक्रबार १० बजे देखि १ बजे सम्म
खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म
OT Day (अप्रेसन हुने बार)
हाडजोर्नी : आइतबार र बुधबार (OPD बन्द हुने छ ।)
शल्यक्रिया : सोमबार र बिहीबार (OPD बन्द हुने छ ।)
प्रसुति : मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ ।)
नाक, कान, घाँटी : आइतबार र बुधबार (OPD बन्द हुने छ ।)

Administrative Department

खुल्ने समय आइतबार देखि बिहीबार बिहान १० बजे देखि ५ बजेसम्म
शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म
सम्पर्कः ०५७–५२३७९८, ५२०३०५


बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।


## श्री ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

हेटौंडा–५, मकवानपुर

### सञ्चालक समिति निर्वाचन–२०८०

निर्वाचन समितिको कार्यालय

श्री ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कार्यसमितिको निर्वाचन कार्यक्रम देहाय बमोजिम हुने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्वाचन हुने र उम्मेदवारी दिने पदहरूः**

अध्यक्ष–१
उपाध्यक्ष–१
सचिव–१
कोषाध्यक्ष–१
सदस्य पद संख्या जम्मा–७
लेखा समिति संयोजक–१
लेखा समिति सदस्य–२

**निर्वाचन कार्य तालिका**

| सि.नं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १. | निर्वाचन कार्यतालिका प्रकाशन | २०८०/०१/२४ गते | (दिउँसो १:०० बजे) |
| २. | मतदाता नामावली प्रकाशन | २०८०/०१/२४ गते | (दिउँसो १:३० बजे) |
| ३. | मतदाता नामावली उपर दावी बिरोध र सो उपर निर्णय | २०८०/०१/२५ गते | बिहान ११:०० बजेदेखि १२:०० बजेसम्म |
| ४. | मतदाता अन्तिम नामावली प्रकाशन | २०८०/०१/२५ | गते दिउँसो २:३० बजे |
| ५. | उम्मेद्वारी मनोनयन दर्ता | २०८०/०१/२९ गते | दिउँसो ३.०० बजेदेखि ४.३० बजेसम्म |
| ६. | उम्मेद्वारी उपर दावी–बिरोध र सो उपर निर्णय | २०८०/०१/२९ गते | दिउँसो ४:३० बजेदेखि ५:३० बजेसम्म |
| ७. | उम्मेद्वारी फिर्ता | २०८०/०१/३० गते | बिहान ७:३० बजेसम्म |
| ८. | अन्तिम उम्मेद्वारी नामावली प्रकाशन | २०८०/१/३० गते | बिहान ८:०० बजे । |
| ९. | मतदान | २०८०/०१/३० गते | बिहान ९:०० बजेदेखि दिउँसो १:०० बजेसम्म |
| १०. | मतगणना | २०८०/०१/३० गते | मतदान सकिनासाथ |
| ११. | मतपरिणाम | २०८०/१/३० गते | मतगणना सकिनासाथ |

**पुनश्चः** निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य हुने स्थानः जी.एस. निकेतन माध्यमिक विद्यालय,
हेटौंडा उ.म.न.पा. बडा नं. ५, मकवानपुर

निर्वाचन समिति संयोजक

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

नयाँ वर्ष एवम् शैक्षिक सत्र २०८० को शुभकामना

यही मिति २०८० वैशाख ३ गतेदेखि अंग्रेजी र नेपाली दुबै माध्यममा कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुल्यो ।



श्री चन्द्रोदय माध्यमिक विद्यालय
हेटौंडा-८, मकवानपुर





समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ